




Inbox (1) - daobardiya@gmail.co
Meet - DDMC बर्दियाको बैठक
meet.google.com/fzs-oxvp-gkc?authuser=0
DPOBARDIYA GULARIYA
sahabir nepali
Gauri Budhathoki
Bishnu Nepali
जिल्ला प्रशासन कार्यालय गुलरिया, बर्दिया
Surendra Thagunna
जिल्ला प्रशासन कार्यालय गुलरिया, बर्दिया
maheshchandra gautam
Goma Paudel
Bal Krishna Oli
Om Prakash Devkota
apfn31btn bardiya
Som Demandaura
Yadav Acharya
जिल्ला प्रशासन कार्यालय गुलरिया, बर्दिया
pawan pachhai
Anil Tamang
JitRaj Shrestha
Bishnu Timilsina
You
3:18 PM | DDMC बर्दियाको बैठक
20
IMG_20210715_17....jpg
IMG_20210715_17....jpg
IMG_20210715_17....jpg
IMG_20210715_17....jpg
IMG_20210715_17....jpg
Show all
EN
3:18 PM
7/28/2021


Inbox - daobardiya@gmail.com
Meet - DDMC बर्दियाको बैठक
meet.google.com/fzs-oxvp-gkc?authuser=0
जिल्ला प्रशासन कार्यालय गुलरिया, ...
Anil Tamang
WRIDDO, Bardiya
DPOBARDIYA GULARIYA
sahabir nepali
Saradha Khadka
tn oli
Ram chandra Thapa
Gauri Budhathoki
Bishnu Nepali
जिल्ला प्रशासन कार्यालय गुलरिया,...
Surendra Thagunna
जिल्ला प्रशासन कार्यालय गुलरिया,...
maheshchandra gautam
Goma Paudel
Bal Krishna Oli
Om Prakash Devkota
apfn31btn bardiya
Kashiram Chaudhary
Som Demandaura
Bishnu Timilsina
Health Office
You
2:35 PM | DDMC बर्दियाको बैठक
23
२०७८ साल श्रावण १३ गते, बुधबार
Wednesday, 13th of Shravan 2078
2:35 PM
7/28/2021



Inbox - daobardiya@gmail.com
Meet - DDMC बर्दियाको बैठक
meet.google.com/fzs-oxvp-gkc?authuser=0
जिल्ला प्रशासन कार्यालय गुलरिया, ...
Anil Tamang
WRIDDO, Bardiya
DPOBARDIYA GULARIYA
sahabir nepali
Saradha Khadka
tn oli
Ram chandra Thapa
Gauri Budhathoki
Bishnu Nepali
जिल्ला प्रशासन कार्यालय गुलरिया,...
Surendra Thagunna
जिल्ला प्रशासन कार्यालय गुलरिया,...
maheshchandra gautam
Goma Paudel
Bal Krishna Oli
Om Prakash Devkota
apfn31btn bardiya
Kashiram Chaudhary
Som Demandaura
You
2:35 PM | DDMC बर्दियाको बैठक
21
२०७८ साल श्रावण १३ गते, बुधबार
Wednesday, 13th of Shravan 2078
SA
2:35 PM
7/28/2021


Inbox - daobardiya@gmail.com
Meet - DDMC बर्दियाको बैठक
meet.google.com/fzs-oxvp-gkc?authuser=0
जिल्ला प्रशासन कार्यालय गुलरिया,...
Anil Tamang
WRIDDO, Bardiya
DPOBARDIYA GULARIYA
sahabir nepali
Gojo Satoru
Saradha Khadka
tn oli
Ram chandra Thapa
Gauri Budhathoki
Bishnu Nepali
जिल्ला प्रशासन कार्यालय गुलरिया,...
Surendra Thagunna
जिल्ला प्रशासन कार्यालय गुलरिया,...
maheshchandra gautam
Hari K.C.
Debendra Pandey
Kashiram Chaudhary
Goma Paudel
Bal Krishna Oli
You
2:17 PM | DDMC बर्दियाको बैठक
२०७८ साल श्रावण १३ गते, बुधबार
Wednesday, 13th of Shravan 2078
2:17 PM
7/28/2021

आज मिति २०७८ श्रावण १३ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको भर्चुअल माध्यमबाट बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जिल्ला प्रशासन कार्यालय, बर्दिया अध्यक्ष
स.प्र.जि.अ. श्री माधव प्रसाद शर्मा, जिल्ला प्रशासन कार्यालय, बर्दिया
प्र.उ. श्री इश्वर कार्की, जिल्ला प्रहरी कार्यालय बर्दिया
स.प्र.उ. श्री नरबहादुर रावत, सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा.
सहसेनानी श्री सहविर नेपाली, भैरब प्रसाद गण सुरक्षा गुल्म, बर्दिया
ब.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया
प्र.अ., श्री ओम प्रकाश देवकोटा, जिल्ला प्रशासन कार्यालय, बर्दिया
प्र.अ. श्री नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय, बर्दिया
अ.अ. श्री तोयानाथ वली, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बर्दिया
प्र.इ.श्री पवन पछाई, जिल्ला प्रहरी कार्यालय, बर्दिया
का.प्र.श्री जीतराज श्रेष्ठ, नेपाल टेलिकम
प्रतिनिधि श्री अनिल तामाङ्ग, बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना
प्रतिनिधि श्री हरिप्रसाद अवस्थी, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
प्रतिनिधि श्री शारदा खड्का, बर्दिया अस्पताल, गुलरिया
उपसभापति श्री रामचन्द्र थापा, नेपाल रेडक्रस सोसाइटी, बर्दिया
जि.स.श्री महेश चन्द्र गौतम, नेपाल रेडक्रस सोसाइटी, बर्दिया
शा.अ.श्री हरी के.सी., नेपाल रेडक्रस सोसाइटी, बर्दिया
सू.व्य.अ.श्री गौरी बुढाथोकी, DEOC
अध्यक्ष श्री यादव आचार्य, नेपाल पत्रकार महासंघ, बर्दिया
अध्यक्ष श्री देवेन्द्र पाण्डेय, उद्योग बाणिज्य संघ, गुलरिया
अध्यक्ष, श्री बालकृष्ण वली, नागरिक समाज, बर्दिया
अध्यक्ष, श्री बिष्णु तिमिल्सिना, गै.स.स.महासंघ, बर्दिया ।
श्री काशीराम चौधरी, नेपाल बारयसोसियसन, बर्दिया
अध्यक्ष श्री गोमा पौडेल, जनजागरण महिला संघ, बर्दिया
प्रतिनिधि श्री सुरेन्द्र ठगुन्ना, सामाजिक विकास तथा अनुसन्धान केन्द्र नेपाल बाँके
श्री बिष्णु नेपाली, दलित महिला सघ
श्री सोम देमनदौरा

निर्णयः

१. कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचार एवम् विपद्का सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा एवम् वर्तमान अवस्थाको बारेमा छलफल भयो ।

२. बर्दिया र कैलाली जिल्लालाई जोड्ने कर्णाली नदीको सत्तिघाट पुलको बर्दिया तर्फको भागमा नदीको बहाबले गर्दा पुलका खम्बाहरु भासिनेक्रम शुरु भई पुलको दुई खम्बाहरु जोड्ने पुलको मुख्य भाग (स्पान) हरु छुट्टीने क्रम बढ्नगई जोखिम सिर्जना भएकाले हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, बाँके, कर्णाली नदी व्यवस्थापन आयोजना, बर्दिया मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

३. कर्णाली नदीको बहाब वृद्धिसंगै राजापुर नगरपालिका क्षेत्रको दलाईघाट, तिघ्रा, टिउनी, सनकट्टी, उल्टनपुर, पहाडीपुर, लालपुर तथा गेरुवा गाउँपालिका क्षेत्रको राजीपुर, उल्टनपुर, सरखोला, मनाउ लगायत ११ स्थानहरु नदी कटान तथा डुवानको जोखिम बढेकोले सो नदीका उक्त जोखिमयुक्त स्थानहरुमा तत्काल रोकथामको व्यवस्था मिलाई बस्तीहरु र उर्बर जमिन जोगाउन तर्फ आवश्यक व्यवस्था मिलाउन कर्णाली नदी व्यवस्थापन आयोजना, राजापुर, बर्दियालाई अनुरोध गर्ने ।

४. गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने जब्दीघाट पुल भाचिएको स्थानमा पानीको बहाब बढ्दै गएकोले उक्त स्थान बाँधको रुपमा परिणत भई नदीले बहाब परिवर्तन गर्दा थप जोखिम बढ्ने सम्भावना देखिएकोले सो पुलको समुचित व्यवस्थापनका लागि सम्बन्धित निकायमा पुनः अनुरोध गर्ने ।

५. यस जिल्लाका बढैयाताल, बाँसगढी, बारबर्दिया लगायतका स्थानीय तहहरुमा डेङ्गु रोग लागेको पुष्टि भएको सन्दर्भमा बर्षायामसंगै महामारीका रुपमा डेङ्गु, स्क्रबटाइफस, एन्सिफ्लाइटिस, झाडापखाला, हैजा लगायतका रोगहरु फैलनसक्ने भएकाले स्वास्थ्य कार्यालय, बर्दिया, बर्दिया अस्पताल, स्थानीय तह, स्वास्थ्य क्षेत्रमा काम गर्ने गै.स.स.ले सोको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि आवश्यक सतर्कता अपनाउने ।

६. जिल्लाका DEOC, सुरक्षा निकाय, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सरोकारवालासंग रहेका सबै प्रकारका खोज तथा उद्धार सामग्री, जनशक्तिको विवरण आदि अद्यावधिक गरी चुस्त दुरुस्त अवस्थामा राख्ने ।

७. मनसून पूर्वतयारी तथा प्रतिकार्यका लागि गाउँबस्तीसम्म पुग्नेगरी स्थानीय पत्रिका, एफ.एम. रेडियो, सामाजिक संजाल, माइकिङ आदि मार्फत जनचेतनामूलक सामग्री प्रकाशन, प्रसारण तथा प्रचार प्रसार गर्ने कार्यलाई निरन्तरता दिन सम्बन्धित संघसंस्थाहरुलाई अनुरोध गर्ने ।

८. कोभिड-१९ को लक्षणसंग मिल्दाजुल्दा विरामीहरुको पहिचान गरी संक्रमण प्रभावकारी रुपमा नियन्त्रण गर्न चिन्ह लक्षण देखिएका विरामीहरुको परीक्षणको दायरा बढाउने कार्यलाई साविक बमोजिम नै निरन्तरता दिने ।

९. बढैयाताल गाउँपालिका वडा नं. १ अन्तर्गत शान्ति सामुदायिक वनको तटीय क्षेत्रमा मानखोलाले वन क्षेत्र तथा बस्तीलाई समेत असर गर्नेगरी कटान भइरहेकोले उक्त क्षेत्रमा तटबन्धका लागि बढैयाताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बर्दियाको च.नं. ६१ मिति २०७८/०४/१३ गतेको पत्रबाट अनुरोध भै आएकोले उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं र भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेशलाई अनुरोध गर्ने ।

१०. यस अघि भएका निर्णयहरुलाई थप प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षसंग अनुरोध गर्ने।